# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ४ ] काठमाडौं कार्तिक २३ गते २०११ साल [ संख्या १३

## भाग १

## पब्लिक सर्भिस कमिशनको विज्ञप्ति नं. २०

१७—७—०११

शिक्षामन्त्रालय—अन्तर्गत कन्या कलेजलाई अंग्रेजीका १, पोलिटिक्सका १, इकनमिक्सका १ र सोशल सायन्सका १ जम्मा चारजना लेक्चरर चाहिएका छन् । उम्मेदवारहरुले प. स. क. फाराम नं. १ (२०१०) मा भरी २०११ साल पौष १६ गते रोज २ सम्ममा तलको ठेगानामा दरखास्त दिनुहोला । दरखास्त फाराम्को नमूना प्रत्येक हुलाक, गढी, गौंडा, गोस्वारामा पनि पाइनेछन् ।

पदको विवरण यस प्रकार छन्:—

१. पदः— लेक्चरर—गजेटेड, स्थायी तथा पन्शन पाइने ।

२. आवश्यक न्यूनतम योग्यताः— तत्तद् विषयमा एम्. ए. पास गरेको । सोशल सायन्सका उम्मेदवारले आई. ए र बी. ए. मा डोमेस्टीक सायन्स



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लिई पास गरेको हुनुपर्छ। एम्. ए. प्रथम वा द्वितीय श्रेणीमा उत्तीर्ण भएकालाई विशेष ग्राह्यता दिइनेछ ।

३. मासिक वेतन स्केलः— मो. रु. १८०।—५००।

४. मासिक महँगी भत्ताः— मो. रु. २०।

५. अभ्यास अवधिः— ६ महिना ।

आज्ञाले—

खड्गमान मल्ल एम् ए.

सेक्रेटरी;— पब्लिक सर्भिस कमिशन

सिंहदरबार काठमाडौं नेपाल.

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।